जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्ष: १२, अंक: ३०३ पृष्ठ: ४ | २०८२ चैत्र १५ आइतबार (Sunday 29 March 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## सिरहामा खर्बुजाको सिजन सुरु



सिरहा, १४ चैत्र। सिरहामा खर्बुजाको सिजन सुरु भएको छ। हाल जिल्लाका गोलबजार, मिर्चैया र लहान लगायतका फलफूल बजारमा भारतका विभिन्न राज्यबाट ल्याइएका खर्बुजा बिक्री भइरहेको हो। स्थानीय व्यापारी विजय साहका अनुसार अहिले बजारमा भारतको महाराष्ट्र, आन्ध्र प्रदेश र मध्यप्रदेशबाट खर्बुजा आयात भइरहेको छ। सिजनको सुरुवाती चरण भएकाले हाल प्रतिकिलो ५० देखि ५५ रुपैयाँसम्ममा बिक्री भइरहेको उनले बताए।

व्यापारीहरूका अनुसार नेपाली खर्बुजा बजारमा आउन अझै करिब एक महिना लाग्नेछ नेपालमै उत्पादन सुरु भएपछि मूल्य केही घट्ने अपेक्षा गरिएको छ। यता किसानहरूले भने उत्पादन ढिला हुने चिन्ता व्यक्त गरेका छन्। सिरहा र धनुषा जोड्ने कमला नदीको बगरमा खर्बुजा खेती गर्दै आएका स्थानीय किसान धनिकलाल महतोले समयमा मलखाद र उन्नत जातको बीउ नपाउँदा ढिला बिरुवा रोप्नु परेको बताए। यसका कारण उत्पादनमा ढिलाइ हुने र बजारमा नेपाली खर्बुजा आउन समय लाग्ने उनको भनाइ छ।

स्थानीय उत्पादन ढिलो हुँदा उपभोक्ताले केही समयसम्म आयातित खर्बुजामै निर्भर रहनुपर्ने देखिएको छ। सिरहा र धनुषा जोड्ने कमला नदीको बगरमा करिब ५० हेक्टर भूभागमा खर्बुजा खेती गर्दै आएको कृषि ज्ञानकेन्द्र सिरहाको प्रमुख नरेन्द्रकुमार महासेठ बताए।

## मधेस प्रहरी हाई अलर्टमा, राजनीतिक गतिविधिबारे लिन थालियो सूचना

जनकपुर, १४ चैत्र। देशमा उत्पन्न राजनीतिक गतिविधिलाई मध्यनजर गर्दै मधेसमा उच्च सतर्कता अपनाउन प्रहरी हेड क्वाटरको निर्देशक भएको छ। पूर्व प्रधानमन्त्री केपी ओली तथा पूर्व गृहमन्त्री रमेश लेखक पक्राउ परेपछि प्रहरी मुख्यालयले मधेस प्रहरीलाई हाइ अलर्टमा बस्न सर्कुलर जारी गरेको छ। शनिबार बिहानदेखि नै हाइ अलर्टमा रहन सर्कुलर भएको मधेस प्रदेश प्रहरी कार्यालयले जानकारी दिएको छ। प्रदेश प्रहरी कार्यालयका प्रमुख गोविन्द थपलियाका अनुसार आजदेखि गृह मन्त्रालय र प्रहरी प्रधान कार्यालयमार्फत हाई अलर्टमा बस्न सर्कुलर जारी भएको हो।

पछिल्लो समय देशमा उत्पन्न विकसित अवस्था र सुरक्षा चुनौतीलाई मध्यनजर गर्दै मदेश प्रहरी र मातहतका प्रहरी युनिटहरूलाई हाइ अलर्टमा बस्न भनिएको डिआइजी थपलियाले बताए।उनका अनुसार प्रहरी मुख्यालयको उक्त निर्देशन पछि अहिले सूक्ष्मरुपमा सबै गतिविधि नियाल्ने काम भइरहेको छ। उनी भन्छन्, 'आजदेखि हामी सबै राजनीतिक गतिविधि बारे सूक्ष्म हिसाबले सूचना लिने काम सुरु गरेका छौ, बिहानको निर्देशन पछि ८ वटै जिल्लाका प्रहरी प्रमुख ( एसपी)साबहरुबाट समन्वय हिसाबले प्रहरी खटाउने कार्य चलिरहेको छ। हाइ अलर्टमा बसेर

**–बाँकी तीन पेजमा**

## प्रधानमन्त्री शाहको पुर्ख्यौली गाउँमा बाँडियो लड्डु

महोत्तरी, १४ चैत्र। प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) को पुर्ख्यौली गाउँ महोत्तरीको एकडारा गाउँपालिकामा खुसीयाली मनाइएको छ। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता समेत रहेका शाह प्रधानमन्त्रीमा नियुक्त भएसँगै पुर्ख्यौली गाउँमा दीपावली गरेर खुसीयाली मनाइएको हो। शाह प्रधानमन्त्री भएको अवसरमा स्थानीयले मिठाई बाँड्नुका साथै पटाका फोडेर दीपावली मनाएका छन्। आफ्नै

**–बाँकी तीन पेजमा**

## निजी छाडेर सामुदायिकमा विद्यार्थी, नमुना बन्दै पडरिया मावि

सिरहा, १४ चैत्र। लहान नगरपालिका–१२ पडरिया थारुटोलस्थित 'माध्यमिक विद्यालय पडरिया' थारुटोलले पछिल्लो समय शिक्षाको गुणस्तर र भौतिक पूर्वाधारमा उल्लेख्य प्रगति गर्दै नमूना विद्यालयका रूपमा आफूलाई उभ्याएको छ। करिब एक हजार विद्यार्थी



अध्ययनरत यस विद्यालयमा पछिल्लो समय निजी विद्यालय छाडेर आउने विद्यार्थीको संख्या बढ्दो छ। पुराना विद्यालयमध्येको एक भएता पनि कुनै समय यो विद्यालय विद्यार्थी र अभिभावकको रोजाइमा पर्न छाडेको थियो। प्रधानाध्यापक मनोजकुमार यादवका अनुसार केही वर्ष अघिसम्म विद्यार्थी संख्या पाँच सयको हाराहारीमा थियो।

**–बाँकी तीन पेजमा**





GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812



## विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असरः

**विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्याप्टप) आदिको अधिक प्रयोगले:**

- वालवालिकाको आँखाको ज्योति कमजोर हुनसक्छ,
- दिमागमा असर पर्नसक्छ,
- समयमा नसुत्न सक्छन्,
- खानपान तथा दिसापिसावमा ध्यान नदिन सक्छन्,
- एकान्तमा बस्न मन पराउन सक्छन्,
- झिज्याहट हुन सक्छ,
- साथीहरूसँग घुलमिल नहुन सक्छन्,
- एकै स्थानमा बसिरहँदा रक्तसञ्चारमा प्रतिकूल प्रभाव पर्न सक्छन्,
- बालबालिकामा अटिजम, शारीरिक तथा मानसिक अपाङ्गतासमेत हुनसक्ने भएकोले
- बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोगबाट बचाऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## सम्पादकीय

# शाह मन्त्रिपरिषद्लाई सफलताको शुभकामना

प्रतिनिधि सभामा करिब दुईतिहाइ बहुमत पाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का संसदीय दलका नेता बालेन्द्र शाह शुक्रबार नेपालको प्रधानमन्त्री नियुक्त भएकाछन् । उनको १५ सदस्यीय मन्त्रिपरिषद्का सदस्यहरूले शुक्रबार नै पद बहालीसमेत गरिसके । मन्त्रिपरिषद्मा अधिकांश पहिलोपटक मन्त्री भएकाहरू नियुक्त भएका छन् । महिला मन्त्रीहरूको अनुपात सम्भवतः नेपालको इतिहासमै सबैभन्दा सन्तुलित हुनपुगेको छ। प्रधानमन्त्रीलगायत कतिपय मन्त्री ४० वर्षमुनिका छन् । यी सबैले मन्त्रिपरिषद् आशालाग्दो देखिन पुगेको छ ।

देशमा राजनीतिक व्यवस्थासँगै शासन सञ्चालनमा परिवर्तन हुन नसकेपछि जनतामा असन्तुष्टि व्यापक र तीव्र हुँदैगएको थियो । तत्कालीन सरकारले सामाजिक सञ्जालमा प्रतिबन्ध लगाएको निहुँमा जेन–जी पुस्ताका युवाका नाममा भएको आन्दोलनले सरकार ढलेपछि प्रतिनिधि सभासमेत भङ्ग गरी निर्वाचन गरिएको हो । निर्वाचनमा रास्वपाले २७५ सदस्यीय संसद्मा १८२ स्थान पायो । नेपालको संविधान, २०७२ अनुसार कुनै पनि पार्टीलाई स्पष्ट बहुमत ल्याउन मुस्किल हुन्छ भन्ने धारणा रास्वपाको विजयबाट गलत सिद्ध भयो । अहिले रास्वपालाई एकल बहुमतको स्थिर सरकार सञ्चालन गर्ने अवसर मिलेको छ ।

निर्वाचनमा विपक्षी दलहरू निकै कमजोर देखिएका छन् । उनीहरूले परम्परागत मत जोगाउनसम्म पनि सकेनन् भने नेपाली कांग्रेस र नेकपा (एमाले)का त शीर्ष नेता नै पराजित भए । यसैले संसद्मा सरकारले विपक्षको खासै विरोधको सामना पनि गर्नु नपर्ने देखिएको छ । चुनावका समयमा रास्वपाका नेताहरूले देशमा भ्रष्टाचार व्याप्त भएको र सुशासन नभएको विषयलाई निकै चर्कोसँग उठाएका थिए । जनताले उनीहरूले उठाएको विषयलाई अनुमोदन गरेका छन् । यसैले अब शासन सञ्चालन शैली जनमुखी र शासकहरू जनउत्तरदायी हुने अपेक्षा गर्नु अन्यथा नहोला ।

सुशासन शब्द केही वर्षयता निकै रटिने तर व्यवहार नदेखिने अमूर्त विषयजस्तो बन्न पुगेको छ । लोकतन्त्रमा विधिको शासनलाई राज्य सञ्चालनको प्रमुख आधार मानिन्छ । विधिको शासन भन्नाले सामान्यतः कानुनअनुसार शासन चलाउने भन्ने हो । कसैको तजबिजमा हुने राज्य सञ्चालन सुशासन हुनसक्दैन । कानुनअनुसार शासन सञ्चालन भएको देखाउन बहुमतका आडमा आफूलाई सजिलो हुनेगरी कानुन बनाउने अभ्यास पनि धेरै मुलुकमा देखिएको छ । प्राकृतिक न्यायको सिद्धान्तविपरीत हुनेगरी बनाइने कानुन विधिको शासनको सहयोगी हुनसक्दैन ।

संसद्को बहुमत र कानुनी वैधता हुँदैमा शासन बलियो हुँदोरहेनछ । भदौ २३–२४ को आन्दोलनबाट अपदस्थ सरकार नै यसको पछिल्लो उदाहरण हो । सरकार स्थिर हुन जनसमर्थनका साथै शासकहरूको नैतिक शक्ति पनि आवश्यक हुन्छ । नेपालमा कमजोर नै भए पनि लोकतान्त्रिक संस्थाहरू छन् । नेपाली समाजले लोकतन्त्रको अभ्यास गर्न थालेको केही दशक भएको छ । प्रधानमन्त्री शाहको दौँतरी पुस्ता त लोकतान्त्रिक नेपालमै जन्मे हुर्केको हो । यसैले नयाँ सरकारले बहुमतका आडमा लोकतन्त्रको मर्ममा चोट पुग्ने कुनै काम गर्नेछैन भन्ने अपेक्षा गर्नु अन्यथा नहोला ।

सरकारका सबै क्रियाकलापको निगरानी नागरिक समाज र सञ्चार माध्यमले गरिरहेकै हुन्छ । नयाँ सरकार लोकतान्त्रिक शैलीमा सञ्चालित होस् र जनअपेक्षाअनुसार सेवा आपूर्तिमा सक्षम होस् । विशेषगरी युवा नेतृत्व सक्षम, संवेदनशील र संयमित पनि हुनसक्छ भन्ने पुष्टि हुनेगरी सरकार अगाडि बढ्न सकोस् । प्रधानमन्त्री बालेन्द्र शाह र उनको मन्त्रिपरिषद्का सदस्यहरूलाई सफलताको शुभकामना !

# संवैधानिक परिषद्: भागबन्डाको अन्त्य र योग्यताको पुनरागमन

**रेवती खड्का**

नेपालको वर्तमान राजनीतिक परिदृश्य विचित्र विरोधाभासबाट गुज्रिरहेको छ । एकातिर सडकमा जेनजी पुस्ताको आक्रोश छ, जसले राज्यका हरेक नियुक्तिमा पारदर्शिता र 'राइट म्यान इन राइट प्लेस' को चर्को माग गरिरहेको छ । अर्कोतिर, बालुवाटार र सिंहदरबारका बन्द कोठाहरूमा संवैधानिक निकायका पदहरूलाई 'भागबन्डाको जाँतो' मा पिस्ने पुरानै खेल जारी छ । यो खेलको केन्द्रमा रहेको संस्था हो– संवैधानिक परिषद् ।

संवैधानिक परिषद् केवल एउटा सिफारिस गर्ने निकाय मात्र होइन, यो लोकतन्त्रको त्यस्तो मेरुदण्ड हो, जसले अख्तियार, निर्वाचन आयोग र न्यायालय जस्ता संस्थाहरूको निष्पक्षता तय गर्छ । तर, विगत वर्षहरूमा परिषद्लाई कार्यकारीको छाया बनाउने प्रयास गरिएपछि यसको औचित्यमाथि नै गम्भीर प्रश्न उठेका छन् ।

**ऐतिहासिक विचलन र कानुनी संकट**

नेपालको संविधानको धारा २८४ ले संवैधानिक परिषद्को व्यवस्था गरेको छ । यसको मुख्य दर्शन भनेको राज्यका प्रमुख अंगहरूमा गरिने नियुक्ति राजनीतिक प्रभावबाट मुक्त होस् र त्यहाँ पुग्ने व्यक्तिले कुनै दल विशेषको नभई संविधानको रक्षा गरोस् भन्ने हो । तर, व्यवहारमा हामीले के देख्यौँ भने राजनीतिक दलहरूले यसलाई पावर सेयरिङको माध्यम बनाए ।

विशेषगरी ०७७ र ०७८ सालमा तत्कालीन सरकारले अध्यादेशमार्फत संवैधानिक परिषद् ऐन संशोधन गरी गणपूरक संख्या सम्बन्धी व्यवस्था नै परिवर्तन गरिदियो । ६ सदस्यीय परिषद्मा अध्यक्षसहित ३ जना मात्रै उपस्थित भएपनि निर्णय गर्न सकिने गरी ल्याइएको उक्त व्यवस्थाले नेपालको संवैधानिक इतिहासमा 'कू' को रूप लियो । विपक्षी दलको नेता र सभामुखलाई थाहै नदिई गरिएका ५२ जना पदाधिकारीको नियुक्ति आजसम्म पनि विवादको घेरामा छ ।

यस सन्दर्भमा, सर्वोच्च अदालतको संवैधानिक इजलासले प्रक्रियागत शुद्धता र संवैधानिक नैतिकतालाई विशेष जोड दिएको छ । अदालतले संवैधानिक शून्यता टार्न कतिपय निर्णयलाई सदर गरे पनि, भविष्यका लागि एउटा स्पष्ट रेखा कोरेको छ । संवैधानिक नियुक्तिहरूमा अल्पमत र न्यायपालिकाको अनिवार्य सहमति बिनाको प्रक्रिया लोकतान्त्रिक मूल्य विपरीत हुन्छ ।

**बदलिँदो चेतनाको आवाज**

आजको नेपाल ०४६ वा ०६३ सालको जस्तो छैन । आजको पुस्ता, जसलाई हामी जेनजी भन्छौँ, उनीहरू सूचनाको हक र पारदर्शितामा सम्झौता गर्न तयार छैनन् । काठमाडौँका सडकदेखि सामाजिक सञ्जालका ट्रेन्डिङ टकसम्म हेर्ने हो भने युवाहरूले स्पष्ट भनिरहेका छन्– हामीलाई हाम्रा पुर्खाको जस्तै लाचारिपन स्वीकार्य छैन ।यो पुस्ताले सेटिङको राजनीति बुझिसकेको छ । जब कुनै पूर्व कर्मचारी वा राजनीतिक कार्यकर्तालाई हतार–हतार संवैधानिक निकायमा नियुक्त गरिन्छ, तब यो पुस्ताले त्यसको विगतका पदचाप खोतल्न सुरु गर्छ । युवाहरूको यो जागरणले नै आगामी सरकारलाई सन्देश स्पष्ट छ– अब खल्तीका मान्छे नियुक्ति गरेर राज्य चलाउने दिन गए ।

नयाँ सरकारले यो आक्रोशलाई सम्बोधन गर्न सकेन भने सडकको आन्दोलनले कुनै पनि बेला सत्ताको जग हल्लाउन सक्छ । परिषद्लाई स्वेच्छाचारी बन्नबाट रोक्न यसको गणपूरक संख्यामा कडा सुधार आवश्यक छ । अबको संशोधित ऐनमा निम्न बुँदाहरू पत्थरको लकिर हुनुपर्छ । पहिलो, न्यूनतम उपस्थिति । परिषद्का ६ जना सदस्यमध्ये न्यूनतम पाँच जनाको उपस्थिति बिना बैठक बस्न नसकने व्यवस्था हुनुपर्छ । यसले बहुमतको नाममा हुने अल्पमतको गला रेट्ने प्रवृत्ति रोक्छ ।

दोस्रो, विपक्षी र न्यायपालिकाको अनिवार्य सहभागिता । पाँच जनाको कोरम पुग्दा पनि त्यहाँ विपक्षी दलको नेता र पूर्व प्रधानन्यायाधीशको अनिवार्य उपस्थिति हुनैपर्छ । यी दुई मध्ये एक जना मात्र अनुपस्थित भए पनि बैठकको निर्णय अवैध हुने कानुनी व्यवस्था आवश्यक छ । यसले प्रधानमन्त्रीलाई सबै पक्षसँग संवाद गर्न र साझा सहमति खोज्न बाध्य बनाउँछ ।

**संरचनागत पुनर्संरचना**

हालको परिषद् विशुद्ध राजनीतिक क्लब जस्तो देखिन्छ । यसलाई व्यावसायिक र तटस्थ बनाउन पूर्व पदाधिकारीहरूको प्रवेश गराउनु पर्छ । प्रस्तावित नयाँ मोडलमा लोकसेवा आयोगका पूर्व अध्यक्ष, पूर्व प्रधानन्यायाधीश, पूर्व प्रमुख निर्वाचन आयुक्त तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पूर्व प्रमुखलाई सदस्यमा नियुक्त गर्ने व्यवस्था गर्नुपर्छ । यी सदस्यहरुलाई अनिवार्य बनाउने बित्तिकै मेरिटोक्रेसीको ग्यारेन्टी हुन्छ । कानुनी र नैतिक शुद्धता जाँच्न गर्न सजिलो हुन्छ । लोकतान्त्रिक संस्थाको सन्तुलन कायम राख्न मद्दत पुग्छ । साथै भ्रष्टाचार निवारण र नैतिकताको प्रश्नमा गहिरो अन्तर्दृष्टि प्रदान हुन्छ ।

**दुई वर्षे कुलिङ–अफ पिरियड**

नेपालको ठूलो समस्या भनेको पदमा रहँदा भविष्यको अर्को पदका लागि 'डिल' गर्नु हो । जस्तै, कुनै सचिवले अवकाश पाउनु अघि प्रधानमन्त्रीको चाकरी गर्छ ताकि भोलिपल्टै उसले कुनै आयोगमा नियुक्ति पाओस् । यसलाई रोक्न दु वर्षको अनिवार्य कुलिङ–अफ पिरियड लागू गर्नुपर्छ । कुनै पनि सरकारी व्यक्ति अवकाश पाएको २ वर्षसम्म कुनै पनि संवैधानिक नियुक्ति वा परिषद्को विज्ञ सदस्यका लागि योग्य हुने छैन भनि निश्चित गर्नु पर्नेछ । यसले कर्मचारी र पदाधिकारीहरूलाई आफ्नो कार्यकालमा निष्पक्ष काम गर्न र भविष्यको लोभबाट मुक्त हुन मद्दत गर्छ ।

**रोस्टर प्रणालीको व्यवस्थापन**

नियुक्ति प्रक्रियालाई पारदर्शी र प्रतिस्पर्धात्मक बनाउन पहिलो, संवैधानिक परिषद्ले रिक्त पदका लागि कम्तीमा तीन महिना अगावै राष्ट्रिय सञ्चार माध्यममा आवेदन वा मनोनयन आह्वान गर्ने विधिको विकास गर्नुपर्छ । दोस्रो, प्राप्त आवेदनहरूलाई योग्यता, अनुभव, प्रकाशित कृति, व्यावसायिक उपलब्धि र सार्वजनिक सेवाको योगदानका आधारमा मूल्यांकन गरी उत्कृष्ट नामहरूको सूची तयार गरि सार्वजनिक गर्नुपर्छ ।तेस्रो, लामो सूचीका उम्मेदवारहरूसँग संसदीय सुनुवाइ समिति र संवैधानिक परिषद्को संयुक्त बैठकले अन्तर्वार्ता लिने र उत्कृष्ट तीन नामको सूची सार्वजनिक गर्ने तथा त्यस्ता नामहरुमा आम जनतालाई उजुरी वा गुनासो गर्ने मौका दिने । यस अवधिमा उम्मेदवारको आर्थिक पृष्ठभूमि, आपराधिक अभिलेख, नैतिक चरित्र र व्यावसायिक क्षमताबारे जानकारी माग्न सकिने ।

चौथो, प्राप्त उजुरीहरूमा संवैधानिक परिषद्को सचिवालयले छानबिन गर्ने तथा आवश्यक परेमा उम्मेदवारलाई स्पष्टीकरण सोध्ने विधिको विकास गरिनु पर्छ । अन्तिममा त्यस्ता व्यक्तिलाई सिफारिस गर्ने तथा दायित्व दिने गर्नुपर्छ ।

**नयाँ सरकारको दायित्व**

नेपालमा अब गठन हुने सरकारसामु एउटा ऐतिहासिक अवसर छ । उनीहरूले केवल सरकार टिकाउने खेलमा लाग्ने कि राज्यका संस्थाहरूलाई सुधार्ने ? यदि सरकारले सुशासनको गफ मात्र दिने तर संवैधानिक परिषद्मा पुरानै भागबन्डा दोहोऱ्याउने हो भने, युवाहरूको विद्रोहले उनीहरूलाई सुख दिने छैन । नयाँ सरकारले पहिलो महिनामै संवैधानिक परिषद् ऐनलाई संशोधन गरी माथिका प्रावधानहरू समावेश गर्नुपर्छ । यो कुनै एक दलको हितमा होइन, सिंगो देशको भविष्यका लागि गरिएको लगानी हुनेछ ।

**हामीले के पाउँछौँ त ?**

माथि उल्लेख गरिएको सुधारहरु लागू गरिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले साना माछा मात्र होइन, ठूला राजनीतिक माछालाई पनि समाउने आँट गर्नेछ । निर्वाचन आयोगले कसैको दबाब विना स्वतन्त्र र निष्पक्ष चुनाव सुनिश्चित गराउन भूमिका खेल्नेछ । लोकसेवा आयोगले आफ्नो निष्पक्षताको विरासतलाई अझै मजबुत बनाउनेछ । योग्यता र क्षमताका आधारमा कर्मचारी छनोट हुँदा सुशासन र विकासमा टेवा पुग्नेछ । मानव अधिकार आयोगले अन्तर्राष्ट्रिय स्तरमा आफ्नो 'ए' ग्रेड जोगाउन सफल हुनेछ । स्वतन्त्र र प्रभावकारी मानव अधिकार आयोगले अन्तर्राष्ट्रिय समुदायमा नेपालको छवि उज्ज्वल बनाउनेछ । यसका साथै राष्ट्रिय महिला आयोग, आदिवासी जनजाति आयोग, मधेसी आयोग, थारू आयोग, मुस्लिम आयोग लगायतका सबै संवैधानिक आयोगहरूले आ–आफ्नो क्षेत्रमा प्रभावकारी काम गर्न सक्नेछन् ।

**सम्भावित जोखिम**

संवैधानिक परिषद् कुनै राजनीतिक सौदाबाजीको थलो होइन । यो त राज्यको पवित्र मन्दिर हो, जहाँबाट न्याय र सुशासनको धारा बग्नुपर्छ । ५/६ को कोरम, विपक्षी र न्यायालयको अनिवार्य उपस्थिति, विज्ञहरूको समावेशीकरण र दुई वर्षे कुलिङ–अफ पिरियड– यी केवल शब्दहरू होइनन्, यी त नेपालको लोकतन्त्रलाई बचाउने सञ्जीवनी हुन् । तथापि यी सुधारहरू कार्यान्वयनमा केही चुनौतीहरू छन् । जस्तै, यस विषयमा पुराना राजनीतिक दलहरूले प्रतिरोध गर्न सक्छन् । केही संवैधानिक व्यवधान देखिन सक्छ । विज्ञ सदस्यहरू स्वयं निष्पक्ष र योग्य हुनुपर्ने चुनौती हुनसक्छ । पारदर्शी र प्रक्रियामा समय र स्रोतको बढी खपत हुन सक्छ । तर, यी चुनौतीहरू सुशासन र लोकतन्त्रको मूल्यसँग तुलना गर्दा सामान्य छन् ।

आगामी सरकारले भविष्यका लागि बलियो प्रणाली बसाल्ने कि भागबन्डाकै हिलोमा पौडिने ? जेनजी पुस्ताले यो प्रश्नको उत्तरको व्यग्र प्रतीक्षा साथ कुरी रहेको छ । हामी यस्तो नेपालको कल्पना गरौँ, जहाँ संवैधानिक निकायमा नियुक्त हुने व्यक्ति कुनै दलको कार्यकर्ता नभएर, राष्ट्रको सेवक होस् ।

नियुक्तिको आधार भागबन्डा नभएर योग्यता र क्षमता होस् । संवैधानिक परिषद्ले राजनीतिक दलको बैसाखी नभएर, संविधानको संरक्षकको भूमिका निर्वाह गरोस् । यो सपना साकार पार्ने जिम्मेवारी हामी सबैको हो– राजनीतिज्ञ, नागरिक, र युवा पुस्ताको । भागबन्डाको चक्रव्यूह तोड्नै पर्छ, योग्यताको पुनरागमन हुनै पर्छ । किनकि, राम्रो संस्था बन्यो भने मात्र राम्रो नेपाल बन्न सक्छ । र, राम्रो नेपाल हामी सबैको सपना हो । बाह्रखरीबाट

# सरकारको व्यवहार चयनमुखी भयो : नेपाली कांग्रेस

काठमाडौं, १४ चैत्र । नेपाली कांग्रेसले गएको भदौ २३ र २४ गते भएको नवयुवा आन्दोलनको घटनाबारे आफ्नो धारणा सार्वजनिक गर्दै निष्पक्ष छानबिन र दोषीमाथि कानुनी कारबाहीको माग गरेको छ । पार्टी केन्द्रीय कार्यालयले जारी गरेको प्रेस विज्ञप्तिमा नवयुवा आन्दोलन घटनाको सत्यतथ्य सार्वजनिक गर्न जोड दिइएको छ । साथै कांग्रेसले पार्टीका नेता रमेश लेखक पक्राउको विरोधमा सडक आन्दोलनमा नजाने बताएको छ ।

कांग्रेसले भदौ २५ गते उच्चस्तरीय छानबिन आयोग गठन गरी दुवै घटनाको अनुसन्धान गर्न माग गरिएको स्मरण गराउँदै भदौ २७ गते केन्द्रीय कार्यसम्पादन समितिको बैठकले पनि घटनाको छानबिन गरी दोषीलाई कारबाही गर्न आग्रह गरेको जनाएको छ । साथै, कानूनसम्मत र पूर्वाग्रहविहीन ढङ्गले छानबिन गरी आवश्यक कारबाही गर्नुपर्नेमा पार्टी अडिग रहेको उल्लेख गरिएको छ । कांग्रेसले यसलाई सेलेक्टिभ न्याय अर्थात् चयनमुखीको अभ्यास भन्दै आपत्ति जनाएको छ ।

पार्टीले घटनामा संलग्न व्यक्तिहरूमाथि निष्पक्ष, पारदर्शी र विधिसम्मत ढङ्गले अनुसन्धान र अभियोजन प्रक्रिया अघि बढाउनुपर्नेमा जोड दिएको छ । साथै, कानूनी प्रक्रिया कमजोर पार्ने कुनै पनि निर्णयले देशलाई थप अन्योलतर्फ लैजान सक्ने चेतावनी दिएको छ ।

# मधेशको बजेट १२ अर्ब घट्ने अनुमान, आर्थिक जोखिममा सरकार

## क्षमताभन्दा बढी बजेट ल्याउँदा सरकार आर्थिक जोखिममा परेको छ। योजना कार्यान्वयन भए ठेकेदार र उपभोक्तालाई भुक्तानी गर्न नसक्ने स्थिति निम्तिने डर सरकारलाई छ।

**शैलेन्द्र महतो**

जनकपुर, १४ चैत्र। मधेश सरकारको चालु आर्थिक वर्ष २०८२/०८३ को बजेटमा १२ अर्ब रुपैयाँ घट्न सक्ने अनुमान गरिएको छ। सदनबाट पास भएर कार्यान्वयनमा आएको बजेटमा महिनौंपछि १२ अर्ब रुपैयाँ घट्न सक्ने देखिएको हो। तत्कालीन जनमत पार्टीका सतिशकुमार सिंह नेतृत्वको सरकारका अर्थमन्त्री सुनिलकुमार यादवले असार १ गते ४६ अर्ब ५८ करोड ३३ लाख ५१ हजारको बजेट सदनमा प्रस्तुत गरेका थिए।




जसमा चालुतर्फ १६ अर्ब ७२ करोड ५ लाख १७ हजार अर्थात् ३५.८९ प्रतिशत र पूँजीगततर्फ ३० अर्ब २६ करोड २८ लाख ३४ हजार बजेट विनियोजन गरिएको थियो। तर अहिले आएर बजेट १२ अर्ब रुपैयाँ बढीको बनाइएको खुलेको हो। क्षमताभन्दा बढी बजेट ल्याउँदा सरकार आर्थिक जोखिममा परेको छ। योजना कार्यान्वयन भए ठेकेदार र उपभोक्तालाई भुक्तानी गर्न नसक्ने स्थिति निम्तिने डर सरकारलाई छ।

जोखिमबाट बच्न सरकारले मन्त्रालयहरूलाई प्रत्येक योजनामा २० प्रतिशत कट्टा हुने गरी काम अघि बढाउन पत्राचार नै गरेको छ। यस्तै आर्थिक जोखिमबाट बच्न सरकारको अर्थ मन्त्रालयले मन्त्रालयहरूलाई पत्राचार गरी चल्न नसक्ने, औचित्यहीन र टुक्रे योजनाहरूलाई समर्पण गर्न निर्देशन दिइएको छ। 'सरकार अहिले आर्थिक जोखिममा परेको छ। यसलाई व्यवस्थित गर्न प्रक्रियाहरू अगाडि बढाइयो। मन्त्रालयहरूलाई पत्राचार गरियो। चल्न नसक्ने, औचित्यहीन योजना, टुक्रे योजना सबैलाई समर्पण गर्न भनेका थियौं,' मधेशका अर्थमन्त्री महेशप्रसाद यादवले भने।

मन्त्री यादवको भनाइमा ३० अर्बको बजेट बनाउने क्षमता भएको सरकारले ५५ अर्बको अनुमानित बजेट ल्याउने तयारी गरेको थियो। पछि घटाउँदा घटाउँदै ४७ अर्ब कायम गरियो। १० प्रतिशत विविध कोषमा राख्नुपर्नेमा त्यो सबै बाँडियो। त्यसकारण बनाएको बजेट घाटा हुन पुगेको उनको भनाइ छ। बजेटलाई व्यवस्थित बनाउन मन्त्रालयहरूलाई टुक्रे, औचित्यहीन र चल्न नसक्ने योजना समर्पण गर्न पत्राचार गर्दा पनि कसैले गरेको छैन।

'अहिलेसम्म कुनै मन्त्रालयले समर्पण गरेको छैन। ठोस योजना अगाडि बढाउन चाहेको भए हामीले अनुमति दिन्थ्यौं। त्यसअनुसार जोखिम छ,' अर्थमन्त्री यादवले भने। रोचक त के भने, तत्कालीन जनमत सरकारको नेतृत्वमा अर्थमन्त्री सुनिल यादव अर्थमन्त्री थिए। अहिले कांग्रेस नेतृत्वको सरकारमा जनमतका महेशप्रसाद यादव अर्थमन्त्री छन्।

तत्कालीन अर्थमन्त्री सुनिलकुमार यादवले संघीय सरकारबाट आउने विभिन्न अनुदानलाई आधार बनाएर बजेट बनाइएको र अहिले कटौती गर्नसक्ने हुनाले घट्न सक्ने बताए। संघीय सरकारबाट प्राप्त हुने अनुदानलाई समेटेर बजेट बनाइन्छ। तर जेनजी आन्दोलनको कारण संघीय सरकारले २० प्रतिशत बजेट कटौती गर्नसक्ने भनेपछि बजेट घट्न सक्ने अनुमान गरिएको छ,' यादवले भने। आर्थिक अनुशासनको पक्षमा यदि सरकारले बजेट काटेर राम्रो गर्ने प्रयास गरे त्यसलाई पोजेटिभ लिनुपर्ने उनको तर्क छ।

पूर्व मुख्यमन्त्रीसमेत रहेका जसपा नेपाल संसदीय दलका नेता सरोजकुमार यादव घाटा बजेटले प्रदेशलाई नोक्सान हुने बताउँछन्। '१२ अर्बको घाटा बजेटले प्रदेशलाई नै नोक्सान हुन्छ। फाइदा हुँदैन,' उनको तर्क छ, 'जति पैसा थियो, त्यतिको मात्रै अनुमानित बजेट बनाउनु पर्थ्यो।'

पाँच वर्ष तत्कालीन जसपा नेपालका मुख्यमन्त्री लालबाबु राउत र आफ्नो नेतृत्वमा डेढ वर्षको सरकार हुँदा कहिल्यै यस्तो घाटा बजेट नबनाएको उनको तर्क छ।

**कसरी बन्यो क्षमताभन्दा बढीको बजेट ?**

अर्थ मन्त्रालयमा गत वर्षको मौज्दात अनुमान १० अर्ब थियो। तर ४ अर्ब मात्र मात्र पुग्यो। त्यसमा ६ अर्ब कम भयो। यस्तै राजस्व संकलन अनुमान साढे ९ अर्ब राखेको थियो। त्यसमा ५ अर्बको हाराहारीमा मात्र आयो। आन्तरिक ऋण दुई अर्ब लिने अनुमान थियो। जसको आवश्यक तयारी पुगेन। त्यसमा नेपाल सरकारको स्वीकृति लिनुपर्ने हुन्छ। आन्तरिक ऋण रोजगारमुखरी र उत्पादनमुखीमा मात्र पाउने कानुनी व्यवस्था छ। सिधै आन्तरिक ऋण लिन पाउँदैन। यी यस कारण अनुमान गरेकोभन्दा १२ अर्ब बजेट घट्ने अनुमान गरिएको अर्थ मन्त्रालयले जनाएको छ।

मन्त्रालयका सचिव रामकुमार महतोको भनाइमा अनुमानित बजेटमा लक्ष्य अनुसारको राजस्व संकलन नहुँदा घट्ने अनुमान छ। जुन स्वाभाविक हो। 'अनुमानको तुलनामा राजस्वको लक्ष्य प्राप्ति नहुन सकेन। एक महिनाअघि असार १ गते नै अनुमान हुन्छ। तर बजेट असार मसान्तभरि खर्च भइरहन्छ,' उनको तर्क छ, 'यस वर्ष धेरै खर्च भयो। मौज्दात न्यून रह्यो। विगत वर्षमा धेरै बजेट खर्च नहुँदा मौज्दात सपोर्ट हुन्थ्यो। त्यसकारण अनुमानित मौज्दात घटेर पनि बजेट घट्ने अनुमान छ।'

उनले अर्को कारण स्थानीय तहबाट राजस्व बाँडफाँट लक्ष्यअनुसार नआएको ठान्छन्। 'राजस्व बाँडफाँटमा स्थानीय तह अनुदार छ। बाँडफाँट गर्नुपर्ने राजस्व कानुनबमोजिम प्रदेशलाई उपलब्ध गराइरहेको छैन,' उनी भन्छन् 'घरजग्गाको कारोबार न्यून छ। गिट्टी–बालुवाको बजेटको धेरै राजस्व नै बाँकी छ। यी लगायतका कारणहरू अनुमानित राजस्व संकलन भएन। त्यसकारण बजेट घट्ने अनुमान छ।'

तर, बजेट घटी भए पनि उपभोक्ता समितिबाट काम थाल्ने तयारीले सरकार आफैं झनै आर्थिक जोखिममा पर्ने खतरा बढेको छ। एक सांसदका अनुसार केही दिनअघि सत्ता गठबन्धनको बैठकमा घटी बजेटको समस्या समाधान गर्न २५ लाखसम्मका योजना समर्पण गर्न कुरा उठेको थियो। छलफल पनि भयो। तर पछि सत्ता गठबन्धन भित्रकै नेपाली कांग्रेस, जसपा नेपाल, नेकपा, जनमतका दलका नेताहरूले नै २५ लाखसम्मका योजना उपभोक्ता समितिबाट गर्ने गरी जोडबल गरिरहेका छन्।

### मधेस प्रहरी...

कडा निगरानीका साथ प्रहरी सक्रियता बढाइको छ।' यसको साथै आजदेखि लागू हुने गरी जिल्ला प्रहरी प्रमुखसहित सम्पूर्ण प्रहरी कर्मचारीको बिदा पनि स्थगित गरिएको उनले जनाए।

करिब सात महिना अगाडि (भदौ)मा भएको जेनजी आन्दोलनको छानबिनका लागि गठित जाँचबुझ आयोगको सिफारिसअनुसार पूर्व प्रधानमन्त्री ओली र तत्कालीन गृहमन्त्री लेखक पक्राउ परेका छन्। यही विकसित राजनीतिक घटनाक्रमले मधेसमा पनि सुरक्षा चुनौती बढ्ने आशंका गरिएको मधेस प्रहरीले जनाएको छ। पक्राउको विरोधमा प्रदर्शन र आन्दोलनलगायतका कार्यक्रम हुने देखिएपछि मधेस प्रदेशमा पनि हाई अलर्ट जारी भएको डिआइजी थपलिया बताउँछन्।

मधेस प्रदेशमा पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा र सप्तरी गरी ८ वटा जिल्ला छन्। यी ८ वटै जिल्लामा गरी १० बढी प्रहरी जनशक्ति रहेको मधेस प्रदेश प्रहरी कार्यालयले जानकारी दिएको छ।

### *प्रधानमन्त्री...*

गाउँको तथा मधेसी मूलको छोरो मुलुकको सर्वोच्च कार्यकारी पदमा पुगेपछि स्थानीयहरूमा गर्व र उत्साह दुवै झल्किएको छ। बालेनको परिवारसँग लामो समयदेखि सम्बन्ध रहँदै आएका स्थानीयहरूले उनको स्वभाव सरल, इमान्दार र सहयोगी रहेको बताउँछन्।

एक स्थानीयले भने ,'मुलुकमा भ्रष्टाचार र अनियमितता व्याप्त भइरहेको बेला विकास र सुशासनको मोडेल काठमाडौँ महानगरको कार्यसम्पादनबाट देखाइसक्नुभएको उहाँ प्रधानमन्त्री हुँदा हामी निकै खुसी छौँ। हामी यही खुसीयालीमा दीपावली मनाइरहेका छौँ।'

### *निजी छाडेर...*

दुई वर्षअघि प्रधानाध्यापकको जिम्मेवारी सम्हाल्नु भएका यादवले समुदाय र नगरपालिकासँगको समन्वयमा विद्यालयको मुहार फेर्ने अभियान सुरु गरे। "नगरप्रमुख महेशप्रसाद चौधरीको सकारात्मक सहयोग, दरबन्दी थप र अनुदान व्यवस्थापनले विद्यालयको स्तरोन्नति सम्भव भएको हो", उनले भने। भौतिक संरचनातर्फ विद्यालयले छोटो समयमै ठूलो फड्को मारेको छ। वि.सं. २०८० फागुन २ गते राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत प्राप्त अनुदानबाट चारकोठे भवन निर्माण सम्पन्न भएको छ। संघीय सरकार र लहान नगरपालिकाको साझेदारीमा अर्को चारकोठे भवन निर्माण गरी गत मङ्सिरमा उद्घाटन भइसकेको छ।

नगरप्रमुख महेशप्रसाद चौधरीले ३२ लाख रुपैयाँ लागतमा निर्माण हुन लागेको दुईकोठे भवनको शिलान्यास गरे। नगरप्रमुख चौधरीले सामुदायिक विद्यालयको भौतिक पूर्वाधार सुधार, जनशक्ति व्यवस्थापन र शैक्षिक गुणस्तर अभिवृद्धिमा नगरपालिकाले विशेष ध्यान दिएको बताए। उनले भने, "सामुदायिक विद्यालयको भौतिक पूर्वाधारमा आमूल सुधार नगरी गुणस्तरीय शिक्षाको परिकल्पना सम्भव छैन।"

नगरप्रमुख चौधरीले 'एक कक्षा, एक शिक्षक' अवधारणा कार्यान्वयन गर्न नगरका ६० सामुदायिक विद्यालयमा १२५ जना नगर स्वयंसेवक शिक्षक परिचालन गरिएको तथा पठनपाठनलाई प्रभावकारी बनाउन विद्यार्थीहरूलाई आवश्यक शैक्षिक सामग्री उपलब्ध गराइएको जानकारी दिनुभयो। साथै, 'एक विद्यालय, एक कम्प्युटर' र 'एक कक्षाकोठा, एक पंखा' जस्ता कार्यक्रममार्फत आधारभूत सुविधामा लगानी बढाइएको पनि उल्लेख गरे।

हाल नर्सरीदेखि कक्षा ९ सम्म अंग्रेजी माध्यममा २४५ छात्रछात्रा र बाल कक्षादेखि १२ सम्म नेपाली माध्यममा ७०० छात्रछात्रा अध्ययनरत छन्। लहान नगरपालिकाले यस वर्षदेखि सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीलाई कापी, पेन्सिल जस्ता शैक्षिक सामग्रीसमेत सहयोग गर्दै आएको छ। विद्यालयमा हाल २२ जना शिक्षक कर्मचारी कार्यरत छन्। यद्यपि, माध्यमिक तहमा मात्र एउटा दरबन्दी हुनु विद्यालयको मुख्य समस्या बनेको छ। "प्राविका सात जना दरबन्दीले माविलाई धानिरहेका छौँ, हामीले थप दरबन्दीको माग गरेका छौँ", प्रधानाध्यापक यादवले भने।

वि.सं. २०१९ मा स्थापना भएको यस विद्यालयका पहिलो ब्याचका विद्यार्थी तथा हाल वडा नं १२ का वडाध्यक्ष बद्रीनारायण चौधरी विद्यालयको प्रगति देखेर हर्षित छन्। ७० वर्षीय चौधरीले भने, "म यही विद्यालयको पहिलो ब्याचको विद्यार्थी हुँ। जुन माटोमा मैले कखरा सिकें, आज त्यही विद्यालयले यति ठूलो प्रगति गरेको देख्दा गर्व लाग्छ।" नगरपालिकाले दलित तथा विपन्न विद्यार्थीका लागि छात्रवृत्ति र पोषण प्याकेज जस्ता कार्यक्रम सञ्चालन गरिरहेको छ।

# शैक्षिक गुणस्तर सुधार्न विद्यालयमा पूर्वाधार विकास

सिरहा, १४ चैत्र। यहाँको लहान नगरपालिका–८ स्थित सिद्धार्थ आधारभूत विद्यालयमा बिहीबार एक विशेष कार्यक्रमका बीच नवनिर्माण गरिएको चारकोठे भवन, हात धुने स्थान, शौचालय र खानेपानी संरचना हस्तान्तरण गरिएको छ।

विद्यालयमा निर्मित चारकोठे भवन नगरपालिकाले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत रु ४५ लाख लागतमा निर्माण गरेको नगरप्रमुख महेशप्रसाद चौधरीले जानकारी दिनुभयो। यसका साथै नगरपालिकामा सञ्चालित 'द विकन परियोजना'मार्फत रु १७ लाख ५३ हजार १७८ को लागतमा भवनबाहेकका अन्य सरसफाइ र खानेपानीका संरचना निर्माण गरिएका हुन्। यो परियोजनामा वाटर एड नेपाल, नेपाल खानेपानी संस्थान, लहान नगरपालिका र दलित जनकल्याण युवा क्लब साझेदारका रूपमा रहेका छन्। हस्तान्तरण कार्यक्रममा नगरप्रमुख चौधरीले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार्न भौतिक पूर्वाधार पहिलो शर्त भएको बताउनुभयो। उहाँले भन्नुभयो, "सामुदायिक विद्यालयको भौतिक पूर्वाधार सुधारबिना गुणस्तरीय शिक्षा सम्भव हुँदैन। विद्यार्थीका लागि सुरक्षित र बालमैत्री वातावरणमा पढ्न पाउने अधिकार सुनिश्चित गर्न नगरपालिकाले शिक्षा क्षेत्रलाई उच्च प्राथमिकतामा राखेको छ। अब भौतिक संरचना तयार भइसकेकाले यस विद्यालयमा पनि अंग्रेजी माध्यममा पठनपाठन सञ्चालन गरिनेछ।"

विद्यालयकी प्रधानाध्यापक सुधा चौधरीले करिब २०० विद्यार्थी रहेको यस विद्यालयमा जीर्ण भौतिक संरचनाका कारण विगतमा पठनपाठनमा ठूलो समस्या भोग्नुपरेको स्मरण गर्नुभयो। उहाँका अनुसार पहिले शौचालय नहुँदा विद्यार्थी र शिक्षकहरू बाहिर जानुपर्ने र खानेपानीको अभावमा विद्यार्थी घरै फर्किनुपर्ने बाध्यता थियो, जुन अब पूर्ण रूपमा अन्त्य भएको छ।लहान नगरपालिकाले पछिल्लो समय 'एक विद्यालय, एक कम्प्युटर' र 'एक कक्षाकोठा, एक पंखा' जस्ता कार्यक्रममार्फत डिजिटल र भौतिक सुविधा विस्तार गरिरहेको छ। विकन परियोजनाले पनि लहानका विभिन्न विद्यालयमा १५ सयभन्दा बढी विद्यार्थीलाई स्वच्छ खानेपानी र एक हजार १०० भन्दा बढीलाई व्यवस्थित शौचालयको पहुँच पुऱ्याएको जनाएको छ।

# 'चुनावका प्रतिबद्धता पूरा गर्छु'

**जीवछ यादव**

लहान, १४ चैत्र। प्रतिनिधि सभा सदस्य निर्वाचनमा सिराहा क्षेत्र नं. १ बाट निर्वाचित बब्लु गुप्ता पहिलो पटकमै संसदीय यात्रा तय गर्न सफल हुनुभएको छ। जेनजी आन्दोलनपछि गठित सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारमा युवा तथा खेलकुदमन्त्री भएर चर्चामा आएका गुप्ता मन्त्री पदबाट राजीनामा दिएर राष्ट्रिय स्वतन्त्र पार्टीबाट उम्मेदवार बन्नुभएको थियो।

नेपाली कांग्रेसका पुराना नेता रामसुन्दर चौधरीलाई ३१ हजार ५३८ मतान्तरले पराजित गर्दै उहाँ प्रतिनिधि सभा सदस्यमा निर्वाचित हुनुभएको हो। गुप्ताले ४१ हजार ३२२ मत प्राप्त गर्दा उहाँका निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका उम्मेदवार चौधरीले नौ हजार ७८४ मत प्राप्त गर्नुभएको थियो। विद्यार्थीकालदेखि नै सामाजिक काममा सक्रिय गुप्ता २८ वर्षकै उमेरमा सांसद बन्न सफल हुनुभयो। जेनजी आन्दोलनमा सक्रियतापूर्वक लागेकाले पनि उहाँलाई जनताले सहज रूपमा स्वीकार गरी निर्वाचनमा विजयी बनाए। उहाँले



काठमाडौँको सगरमाथा बोर्डिङ स्कुलबाट कक्षा १ देखि एसएलसीसम्मको शिक्षा लिनुभयो। काठमाडौँको एडभान्स माध्यमिक विद्यालयबाट कक्षा १२ सम्मको पढाइ पूरा गरेपछि विभिन्न संघ संस्थामा आबद्ध भएर सामाजिक काममा सक्रिय रहनुभयो। उहाँले नोबेल कलेजबाट जनस्वास्थ्य विषयमा स्नातक तहसम्मको अध्ययन गर्नुभएको छ।

कोरोना महामारीका बेला पीडित व्यक्तिका लागि क्वारेन्टाइन सञ्चालन, निःशुल्क खाना वितरण, कपडा बैंक सञ्चालन जस्ता काममा सक्रिय गुप्ताले सामाजिक अभियन्ताको परिचय बनाउनुभएको छ। जेनजी सहिदको सपना र चुनावमा जनतासँग गरिएको प्रतिबद्धता पूरा गर्नु नै आफ्नो पहिलो प्राथमिकता रहेको उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "बोल्नुभन्दा काम गरेर देखाउँछु । जेनजी आन्दोलनका सहिदको सपना साकार गर्न् सदनमा जोडदार आवाज उठाउँछु ।"

उहाँले निर्वाचन प्रचारप्रसारको समयमा जनताको घरदैलोमा जाँदा सिराहाको खुटी नहर सञ्चालन, ठाडी–नेपालटार सडक निर्माण, ठाडी भन्सार स्तरोन्नति, क्वारेन्टाइन स्थापना, रामकुमार–उमाप्रसाद प्रादेशिक अस्पताल स्तरोन्नति, शिक्षा र स्वास्थ्यमा सुधार, कृषि र पर्यटकीय क्षेत्रको विकास, रोजगारी सिर्जना जस्ता विषय चुनावी एजेन्डाका रूपमा रहेको भन्दै त्यसलाई पूरा गर्न इमानदारीपूर्वक काम गर्ने बताउनुभयो। उहाँले सामाजिक न्याय र सुशासनका लागि निगरानीलाई निरन्तरता दिँदै सदन सकिएलगत्तै निर्वाचन क्षेत्रमा आएर जनताको समस्या समाधानका लागि काम गर्दै जाने बताउनुभयो। उहाँले भन्नुभयो, "नेताभन्दा पनि आफ्नो निर्वाचन क्षेत्रका लागि बेटा भएर काम गरिरहने छु।"

# स्थानीयको अवरोधपछि हुलाकी सडकमा कलभर्ट निर्माण रोकियो

**जनार्जन खत्री**

सर्लाही, १४ चैत्र। स्थानीयवासीको अवरोधपछि सर्लाहीको कौडेना क्षेत्रमा पूर्व–पश्चिम हुलाकी राजमार्गअन्तर्गत बक्स कलभर्ट निर्माणको काम रोकिएको छ। गत असोज १८ र १९ गतेको भारी वर्षापछि लखन्देही खोलामा आएको बाढीले कौडेना गाउँपालिका–३ पर्सा गाउँ नजिक करिब १०० मिटर पक्की हुलाकी सडक पूर्ण रूपमा बगाएको थियो। सोही स्थानमा बक्स कलभर्ट निर्माणको काम भइरहेका बेला स्थानीयको अवरोधका कारण चैत ८ गतेदेखि काम ठप्प भएको हो।

स्थानीयवासीले लखन्देही खोलामा तटबन्ध निर्माण नगरेसम्म कलभर्ट निर्माणको काम अघि बढ्न नदिने अडान लिएका छन्। बक्स कलभर्ट निर्माणका लागि सुशम आदित्य विजय निर्माण सेवा प्रा.लि, उदयपुरले तीन करोड ५३ लाख तीन हजार २३ रुपैयाँमा ठेक्का लिएको छ। हुलाकी राजमार्ग निर्देशनालय, योजना कार्यालय जनकपुरका अनुसार उक्त ठेक्का आगामी असार २५ गतेसम्मका लागि रहेको छ। कार्यालयका सूचना अधिकारी तथा इन्जिनियर रञ्जितकुमार रायले सुरुआतमा कुनै विवाद नभए पनि करिब १५ प्रतिशत काम सम्पन्न भइसकेपछि स्थानीयले तटबन्धको विषय उठाएर अवरोध गरेको बताउनुभयो।

सर्लाही क्षेत्र नं. २ का नवनिर्वाचित प्रतिनिधिसभा सदस्य रबिन महतोले समेत निर्माणस्थल पुगेर काम रोक्न निर्देशन दिएपछि पाँच दिनदेखि काम अवरुद्ध भएको इन्जिनियर रायले जानकारी दिनुभयो। उहाँका अनुसार बाढीका कारण बारम्बार सडक कटान भइरहेकाले पानी निकासको व्यवस्था हुने गरी बक्स कलभर्ट निर्माण गर्ने सहमतिमा काम अघि बढाइएको थियो। "माननीयज्यू समेत आएर काम रोक्नुस् भनेपछि हामी चैत ८ गतेदेखि काम रोकेर बसेका छौँ," उहाँले भन्नुभयो।

काम रोकिएपछि निर्माण कम्पनीका करिब ३० जना कामदार, मेसिन, औजार तथा सामग्री अलपत्र परेका छन्। असोजको बाढीपछि सो स्थानमा डाइभर्सन बनाएर सवारी सञ्चालन हुँदै आएको छ। प्राविधिकका अनुसार बक्स कलभर्ट निर्माण भएपछि बाढीको पानी तलबाट बग्ने भएकाले सडक कटानको समस्या कम हुने अपेक्षा गरिएको छ। तर स्थानीयवासीले भने उक्त स्थानको उत्तर–पश्चिमतर्फ तटबन्ध मजबुत नगरेसम्म समस्या समाधान नहुने बताएका छन्।

पर्सा गाउँका शिवशंकर साहका अनुसार पश्चिमतर्फ तटबन्ध भए पनि पूर्वतर्फ नहुँदा हरेक वर्ष बर्खामा गाउँबस्ती र खेतीयोग्य जमिन डुबानमा पर्ने गरेको छ। स्थानीयको अडानपछि सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना, चन्द्रनिगाहपुरका प्रमुख अनुभव चौधरीसहितको टोलीले बुधबार स्थलगत निरीक्षण गरेको छ। प्रमुख चौधरीले करिब डेढ किलोमिटर तटबन्ध सुदृढ गर्नुपर्ने आवश्यकता रहेको बताउनुभयो। हालको आर्थिक वर्षमा तटबन्ध निर्माणका लागि बजेट नभएकाले आगामी वर्षका लागि पहल गरिने उहाँको भनाइ छ।

कौडेना गाउँपालिकाका अध्यक्ष रुपेश कुमारले तटबन्ध निर्माणमा ठूलो बजेट आवश्यक पर्ने भएकाले स्थानीय तह मात्रले सम्भव नरहेको बताउँदै माथिल्लो निकायसँग सहकार्य गर्न तयार रहेको बताउनुभयो। उहाँले बाढी 'ओभरफ्लो' हुने स्थानमै तटबन्ध निर्माण गर्न सके हुलाकी सडक कटानको समस्या दीर्घकालीन रूपमा समाधान हुने धारणा राख्नुभयो। संघीय सरकारले आवश्यक बजेट विनियोजन गरी तटबन्ध र कलभर्ट निर्माणको काम सँगसँगै अघि बढाउनुपर्ने गाउँपालिकाको माग छ।

प्रतिनिधिसभा सदस्य महतोले स्थानीयको गुनासो सुनेपछि मात्र काम अघि बढाउन आग्रह गरिएको बताउनुभयो। "स्थानीयको कुरा नसुनी जबरजस्ती काम अघि बढाउनु उचित हुँदैन, त्यसैले थप छलफल गरेर समाधान खोज्नुपर्छ," उहाँले भन्नुभयो।

# ओली–लेखक पक्राउ : अबको प्रक्रिया के ?

**किरण पौडेल**

काठमाडौं, १४ चैत्र। नेकपा (एमाले) र नेपाली कांग्रेसले पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखक पक्राउको घटनालाई प्रतिशोधपूर्ण भन्दै प्रतिवाद गर्ने बताएको छ। ओली र लेखकले पनि आफूहरू कानुनी लडाइँ लड्ने बताउनुभएको छ। उहाँहरूले भनेजस्तो कानुनी लडाइँ के हो ? अबको अदालती प्रक्रिया के हुन्छ ? पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई पक्राउ गरेसँगै अब कानुनी प्रक्रिया कस्तो हुन्छ ? यो निकै चासोको विषय बनेको छ।


ओली र लेखकको पक्राउको पृष्ठभूमि भदौ २३ र २४ को घटनासम्बन्धी जाँचबुझ गर्न गठित गौरीबहादुर कार्की नेतृत्वको आयोगको प्रतिवेदनमा आधारित छ। उक्त प्रतिवेदनले ओली, लेखक र तत्कालीन प्रहरी महानिरीक्षक चन्द्रकुवेर खापुङका हेलचेक्र्याइँ र लापरबाहीपूर्ण क्रियाकलापले अत्यधिक मानवीय क्षति भएको भन्दै तीनै जनालाई मुलुकी अपराधसंहिता २०७४ को दफा १८१ को उपदफा १ र दफा १८२ अनुसार कसुर हेरेर अनुसन्धान तथा अभियोजनका लागि सिफारिस गरेको थियो।

सिफारिसका आधारमा महान्यायधिवक्ता कार्यलयले टिप्पणी उठाउने र अनुसन्धान र अभियोजन हुने सामान्य प्रकृया हो। तर, ओली/लेखक पक्राउमा भने यो प्रक्रिया लागू भएन। प्रहरीले जरुरी प्रकाउ पुर्जी जारी गरेर उहाँहरूलाई हिरासतमा राखेको छ।

दफा १८१ मा लापरबाहीपूर्ण तरिकाले ज्यान मार्न नहुने र त्यसो गरिए तीनदेखि १० वर्षसम्म कैद र तीस हजारदेखि एक लाख रुपैयाँसम्म जरिवाना हुने व्यवस्था छ। यस्तै दफा १८२ मा हेलचेक्र्याइँपूर्वक ज्यान लिन नहुने र त्यसो गरिए तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुने व्यवस्था छ। यद्यपि भवितव्यमा परी कसैको ज्यान गएमा भने ६ महिनादेखि २ वर्षसम्म कैद र बीस हजार रुपैयाँसम्म जरिवाना हुने व्यवस्था छ। यी दफाहरू किन पनि उल्लेख्य छ भने आज बिहान ओली र लेखकविरूद्ध जारी भएको पक्राउ पुर्जीमा ज्यानसम्बन्धी कसुरमा अनुसन्धानका लागि पक्राउ गरिएको उल्लेख छ। मुलुकी अपराध संहिता २०७४ कै परिच्छेद १२ मा ज्यानसम्बन्धी कसुरको उल्लेख छ जसमा दफा १८१ र १८२ पनि पर्छ।

यी त भए प्रहरीले लिएको पक्राउको कानुनी आधार। अब यो मुद्दा कसरी अघि बढ्छ त ? दुवैलाई शनिबारको दिन पक्राउ गरिएकाले आज अदालतमा यद्यपि पूर्वप्रधानमन्त्री ओली भने स्वास्थ्यका कारण त्रिवि शिक्षण अस्पतालमा भर्ना भइसक्नुभएको छ। लेखक भने महाराजगन्जस्थित प्रहरीको २ नम्बर गणमा बस्नुहुनेछ। तर उहाँहरू दुवैले अब कानुनी लडाइँ लड्ने बताउनुभएको छ। उहाँहरूले भनेजस्तो कानुनी लडाइँ कस्तो हुन्छ ? उहाँहरू रिहा हुने वा प्रहरी हिरासतमै रहने स्थिति कसरी कसरी हुनसक्छ ?

सुरुमा त आइतबार बिहान अदालत खुल्नेबित्तिकै उहाँहरूलाई जिल्ला अदालत काठमाडौँ पुऱ्याइनेछ। अदालतमा प्रहरीको तर्फबाट सरकारी वकिल कार्यालयले ओली र लेखकलाई पक्राउ गर्दा जारी गरेको पक्राउ पुर्जीको समर्थन गराउनुपर्नेछ पक्राउ पुर्जीको समर्थन भएन भने ओली र लेखक दुवै भोलि नै तत्कालै छुट्नु हुनेछ। तर, त्यसरी छुटे पनि अनुसन्धान भने रोकिने छैन। यद्यपि, अदालतले पुर्जी समर्थन गरिदियो भने काठमाडौँ जिल्ला अदालतले प्रहरीले मागेबमोजिम आवश्यकताका आधारमा म्याद थप गर्न सक्नेछ। प्रहरी हिरासतमै राखी अनुसन्धान गर्न गराउन यो म्याद २५ दिनसम्म थप्न सकिने प्रावधान छ। तर जिल्ला अदालतले म्याद थप गरिसकेको अवस्थामा पनि सर्वोच्चले बन्दीप्रत्यक्षीकरणको रिटमार्फत थुनामुक्त गर्नसक्नेछ।खरहनुपर्ने अवस्था नदेखिएमा सर्वोच्चमा बन्दीप्रत्यक्षीकरण निवेदन दिन पाइन्छ। र, सर्वोच्चले थुनामुक्त गर्न उचित देखेमा रिहा गर्ने आदेश दिनसक्छ। तर हिरासतमै रहने अवस्था आएमा वा थुनामुक्त भएमा पनि उहाँहरूलक्षित अनुसन्धान भने रोकिने छैन। अनुसन्धान सकिएपछि भने प्रहरीले उहाँहरूलाई मुद्दा चलाउने आधार दिँदै रायसहितको प्रतिवेदन जिल्ला सरकारी वकिलको कार्यालयमा बुझाउँछ। प्रतिवेदन बुझेपछि सरकारी वकिलको कार्यालयले मुद्दा चलाउने वा नचलाउने निर्णय गर्छ। यस्तै मुद्दा चलाउनुपर्ने भए कुन कसुरमा कुन दफाअनुसार र कति सजायको माग दाबी गर्ने भन्ने निर्णय गर्छ। मुद्दा नचलाउने निर्णय भएमा सदरका लागि उच्च सरकारी वकिलको कार्यालय हुँदै महान्यायाधिवक्ताको कार्यालयमा पठाउनुपर्छ।




मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)